सत्य समाचारको संजाल

# संजाल

Daily

जि.प्रशा.का, पर्सा दर्ता नं. :- ३१२/२०७९/०८०

Sanjal National Daily

राष्ट्रिय दैनिक

वर्ष : १ | अंक : ०१६ | २०७९ साल, भाद्र २९ गते बुधवार | Wednesday 14 September, 2022 | पृष्ठ : ४ | मूल्य रु. ५/-

## वीरगंजमा ट्रायल फेल भएकाहरु रातरात पास हुदै




*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

हेभी सवारीसाधन चालकको परीक्षामा यातायात व्यवस्था कार्यालय वीरगन्जमा फेल भएका ६२ जनालाई यातायात व्यवस्था कार्यालय जनकपुरले मध्यरातमा पास देखाएर लाइसेन्स बाँडिएको खुलासा भएको छ । यातायात व्यवस्था कार्यालय वीरगन्जमा 'जी' समूह अर्थात हेभी सवारीको चालक अनुमतिपत्रका लागि फारम भरेर प्रयोगात्मक ९ट्रायल० परीक्षामा फेल भएका ६२ जनालाई जनकपुरबाट मध्यराति पास देखाइएको हो । यातायात व्यवस्था कार्यालय जनकपुरबाट ३ वर्ष अघि निलम्बन भएका कर्मचारीको युजर ९खाता० प्रयोग गरेर अवैध तरिकाले लाइसेन्सका लागि पास देखाइएको छ। सामान्य इन्टरनेटबाट सञ्चालन नहुने यातायात सर्भरको ईडीएलभीआरएस सफ्टवेयरमा मध्यराति रिजल्ट अपडेट गरिएको मधेस प्रदेशको भौतिक पूर्वाधर विकास मन्त्रालयले जनाएको छ। वीरगन्जमा फेल भएकालाई रातिको समयमा जनकपुर कार्यालयबाट सर्भरमा सवारी चालकको लाइसेन्स परीक्षामा उत्तिर्ण गराई लाइसेन्स दिइएको छ । अवैध तरिकाले वितरण गरिएको लाइसेन्सबारे यातायात व्यवस्था कार्यालय जनकपुरले यातायात व्यवस्था विभाग र मधेस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जानकारी गराएको छ । वीरगन्ज कार्यालयले प्रयोगात्मक परीक्षामा पास गरेका परीक्षार्थीको सूची तयार गरेको थियो। पास भएकाको नाम सूचीबाट लाइसेन्सका लागि राजस्व बुझ्ने क्रममा अवैध रुपले फेल भएकालाई सर्भरमा पास गरेको पाइएको यातायात व्यवस्था कार्यालय वीरगन्जका प्रमुख सुशील साहले बताए । लाइसेन्सको राजस्व बुझाउने क्रममा कार्यालयले तयार गरेको सूचीमा फेल तर सर्भर ईडीएलभीआरएसमा पास भएको देखिएपछि शंका लागेर क्रस चेक गर्दा जनकपुरबाट रातिको समयमा सर्भरमा रिजल्ट अपडेट गरेको पाइएको थियो। त्यसपछि भने ६२ जनाकै लाइसेन्स रद्द गरिएको यातायात व्यवस्था कार्यालय वीरगन्जका प्रमुख साहले बताए। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव दिपककुमार दासका अनुसार रातिको समयमा अवैधरुपले वितरण गरिएको लाइसेन्सबारे खोजबिन भइरहेको छ। मन्त्रालय र यातायात व्यवस्था कार्यालय तथा विभागबाट अनुसन्धान सम्भव नरहेकाले प्रमाणसहित प्रहरीलाई जानकारी गराउने तयारी भइरहेको उनले बताए । सचिव दासका अनुसार यातायातको सर्भरमा ०७९ जेठ २६ गते राति १० बजेर १० मिनेटमा ४२ जना, जेठ ३० गते राति १० बजेर १२ मिनेटमा १४ जना, असार १९ गते राति १ बजेर २ मिनेटमा ५ जना र ०७८ माघ १० गते साँझ सवा ७ बजे १ जनाको 'जी' समूह हेभी सवारीको चालक अनुमतिपत्रको लागि जनकपुरबाट ईडीएलभीआरएसमा पास गराई इन्ट्री गरिएको छ । जनकपुर यातायातमा लामो समयसम्म कम्प्युटर अपरेटर र हलुका सवारी चालकको रुपमा कार्यरत रही ०७५ चैत २६ गते सेवा करारबाट

(बाँकी तेश्रो पेजमा)

## इन्डक्सन चुल्होको प्रयोग बढाउन सकिदैन, मेयर सिंह



*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले विधुतीय चुल्हो ९इन्डक्सन चुल्हो० को प्रयोग बढाउन सबैभन्दा पहिले विधुत आपूर्तिमा विद्यमान समस्या सामधान गरिनु पर्ने बताएका छन्। वीरगन्जमा मङ्गलबार रायिट्रय आयोजना आयोगको समन्वयमा क्लीन कुकीङ एलायन्सले आयोजना गरेको खाना पकाउने स्वच्छ विधुतीय उर्जाको प्रबर्द्धन विषयक छलफल कार्यक्रममा बोल्दै मेयर सिंहले यस्तो बताएका हुन्। उनले भने,जब सम्म छिन छिनमा लाइन कट्ने समस्याबाट मुक्ति पाइदैन तब सम्म विधुतीय चुल्होको प्रयोग बढाउन सकिँदैन। उनले वीरगन्जमा अहिले पनि छिन छिनमा लाइन कट्ने समस्या विद्यमान नै रहेको बताए । यो समस्या सामधानका लागि आफुले विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई नै भेटेर ध्यानाकर्षण गराइसकेको भएपनि वीरगन्जमा अझै विद्युत आपूर्तिमा रहेको समस्या पूर्णरूपमा समाधान नभएको उनले बताए। नेपाल सरकारले २० युनिट विद्युत निशुल्क गरेको र वीरगन्ज महानगरपालिकाले साउन देखि ३० युनिट विद्युत निशुल्क गरेकाले वीरगन्जका उपभोक्ताले महिनामा ५० प्रतिशत विद्युत निशुल्क पाइरहेकाले विद्युतीय चुल्होको प्रयोग बढाउने अभियानलाइ केही हदसम्म सहज हुने उनले बताए। विद्युतीय चुल्होको प्रयोग बढाउने अभियानलाई वीरगन्ज महानगरपालिकाले आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि मेयर सिंहले जनाए । कार्यक्रममा नीति फाउन्डेसनका प्रबन्ध निर्देशक मोहनदास मानन्धरले सरकारले अनुदान दिन्छ भनेर कुर्नु भन्दा नागरिक आफैले विद्युतीय चुल्हो किनेर प्रयोग गर्नुपर्ने बताए। उनले एलपीजी ग्याँस भन्दा विद्युतीय चुल्होको प्रयोग गर्दा धेरै फाइदा

(बाँकी तेश्रो पेजमा)

## बच्चा चोरीको भ्रम फैलाउनेलाइ कारबाही हुन्छ

*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

नेपाल प्रहरीले बच्चा चोरी गर्ने गिरोह नेपाल प्रवेश गरेको कुनै सूचना नभएको बताएको छ। नेपाल प्रहरीको साइबल ब्यूरोले सूचना जारी गर्दै सामाजिक सञ्जालमा भ्रम फैलाइएजस्तो कुनै पनि सूचना प्रहरीमा नआएको बताएको हो। 'सामाजिक सञ्जालमा पोष्ट भएको भ्रामक प्रचारमा उल्लेख भएझैं देशभर रहेका कुनै पनि प्रहरी कार्यालयमा हालसम्म कुनै पनि माध्यमबाट कुनै पनि उजुरीसूचना प्राप्त भएको छैन,' ब्यूरोले सूचनामा उल्लेख गरेको छ। पछिल्ला दिनमा भारतबाट सामाजिक सञ्जालमा जोगी र माग्नेको भेषमा बच्चा चोरी गर्ने व्यक्ति नेपाल प्रवेश गरेको अफवाह फैलिएपछि साइबर ब्यूरोले सूचना जारी गरी कारबाहीको चेतावनी समेत दिएको छ । 'सामाजिक सञ्जालमा त्यस्तो भ्रामक प्रचार गर्ने जोकोहीलाई पनि नेपालको प्रचलित ऐन, कानून बमोजिम कानूनी कारबाही गरिने ब्यहोरासमेत जानकारी गराउँदछौं'। सूचनामा उल्लेख छ । प्रहरीले सामाजिक सञ्जालमा भ्रम फैलाइए जस्तो नेपालका कुनै पनि प्रहरी युनिटमा त्यस्तो सूचना प्राप्त नभएको उल्लेख

(बाँकी तेश्रो पेजमा)

## निजी विद्यालयको वर्गीकरण गर्दै वीरगंज महानगर



*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

वीरगञ्ज महानगरपालिकाले संस्थागत विद्यालयको वर्गीकरण गरेर शुल्क निर्धारण गर्ने भएको छ। ५२ वटा संस्थागत विद्यालयको वास्तविक अवस्था बुझेर वर्गीकरण तथा शुल्क निर्धारण गर्न लागेको महानगरपालिकाले जनाएको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका अनुसार वीरगञ्जमा १०२ वटा संस्थागत विद्यालय छन्। बाँकी विद्यालयले स्वमूल्यांकन फारम भरेर आवेदन नै नदिएकोले अरु विद्यालयको वर्गीकरण हुने छैन । महानगरले संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क सिफारिस समिति बनाएको छ। नगर प्रमुख संयोजक रहेको समितिमा प्रमुख प्रशासकीय अधिकृत, शैक्षिक प्रशासन महाशाखा प्रमुख, शिक्षक अभिभावक समिति, शिक्षाविद लगायत सदस्य छन्। उचित वर्गीकरण र वैज्ञानिक ढंगबाट शुल्क निर्धारण गर्न संस्थागत विद्यालयको स्थलगत निरीक्षण गर्नुको साथै आवश्यक तथ्यांक संकलन गरिरहेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिए। 'संस्थागत विद्यालयको वर्गीकरण हुन सकेको थिएन, उनीहरुले लिने शुल्कलाई

(बाँकी तेश्रो पेजमा)

## पटेर्वासुगौलीमा विधार्थीहरुलाई खाजा वितरण



*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

पर्साको पटेर्वासुगौली गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयमा विधार्थीहरुलाई सोमबारदेखी दिव खाजा वितरण गरीएको छ । पटेर्वासुगौली गाउँपालिकाका सबै विद्यालयमा अध्ययनरत कक्षा १ देखी कक्षा ६ सम्मका सम्पूर्ण विधार्थीहरुलाई दिवा खाजा वितरण सुरु गरीएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवले बताएका छन् । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र अर्थ मन्त्रालयबाट चालु आर्थिक वर्ष वर्ष २०७९/२०८० को साउन देखि लागु हुने गरि कक्षा १ देखी ६ सम्मका विधार्थीहरुलाई दिवा खाजा कार्यक्रम लागु गरेकोले दिवा खाजाको लागि आएको रकमबाट सोमबार देखी कार्यक्रम सुरु गरीएको प्रमुख प्रशासकीय अधिकृत यादवले जनाएका छन्। सरकारद्वारा संचालित दिवा खाजा कार्यक्रम

(बाँकी तेश्रो पेजमा)

**संजाल राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : कृष्णा कुमार श्रीवास्तव |
| प्रधान म्पादक | : आर.सी . यादव |
| सम्पादक | : एस. प्रजापति |
| सह-सम्पादक | : रंजित यादव |
| कम्प्युटर अपरेटर | : रंजित यादव (९८१४२३२७०२) |
| सम्पर्क नम्बर | : ९८१६२४३५९०/९८१४२३२७०२ |
| सम्पर्क कार्यालय | : वीरगंज - १७ |
| मुद्रक | : पौडेल अफसेट प्रेस, वीरगंज |

sanjaldaily@gmail.com

## सम्पादकीय.............

# बिचौलियाले सकस

सेवाग्राहीको चाप हुने सरकारी कार्यालय निश्चित छन्। कार्यालयमा कर्मचारी पनि तोकिए बमोजिम खटाउने संरचना छ। सेवा कसरी लिने नागरिक बडापत्रमा स्पष्ट उल्लेख गरिएकै हुन्छ। चाप घटाउन र समयमा सेवा दिन अनलाइन प्रणाली विकास भएको हो। यो विश्वको उत्कृष्ट प्रयोग पनि हो। विकसित मुलुकमा अनलाइन सेवा दिनुभन्दा पहिले नागरिकको पहुँचमा इन्टरनेटको सुविधा पुर्‍याइन्छ ।

नागरिकलाई सेवा लिने विषयमा जानकारी दिइन्छ। कुन कार्यालयको सेवा कसरी लिने भन्ने विषयमा सेवा लिन जाने मात्रै नभइ सबै नागरिकलाई थाहा हुन्छ। त्यसपछि मात्रै सुरु गरिने अनलाइन सेवा लिन सामाजिक सञ्जाल चलाए जस्तै सबैलाई सहज बन्छ। यो विकसित मुलुकको प्रयोग हो । तर, हाम्रोमा अनलाइन सेवा पहिले सुरु गरिन्छ अनि मात्रै इन्टरनेट र सेवाका विषयमा सार्वजनिक सूचनाका विषयमा सोचिन्छ। यो नै मुख्य समस्या हो । अहिले सरकारले डिजिटल नेपालको अवधारणासँगै । नागरिक एप'को पनि विकास गरेको छ। यसबाट इन्टरनेटको पहुँच पुगेकाले सेवा लिएका पनि छन्। तर, यो सेवा सहरकेन्द्रित मात्रै भएको छ ।

नेपाल टेलिकमले केही समयअघि सार्वजनिक गरेको तथ्यांकअनुसार २०७८ असारसम्ममा दुई करोड ४ लाख तीन हजार ९८६ जना नेपाली इन्टरनेटको पहुँचमा छन्। क्रमशः हिमाल र पहाडमा पनि इन्टरनेट पुग्दैछ। नागरिक यो सञ्जालमा जोडिँदैछन्। यसै बेला अनलाइन सेवा दिने कार्यालयले विभिन्न माध्यमबाट नागरिकमा सेवा लिने प्रक्रयाका विषयमा जानकारी दिनुपर्छ। यसो गरे सेवा घरबाटै लिन्छन्। बिचौलियाको फन्दामा सेवाग्राही पर्दैनन् ।

# फैलिदै भ्रष्टाचारको डढेलो, उच्च तहका कर्मचारी र नेताकै प्रश्रय!

ट्रान्सपरेन्सी इन्टरनेसनले नेपाललाई अत्याधिक भ्रष्टाचार हुने मुलुकको सूचीमा समावेश गरेको छ। नेपालले कुल १ सय पूर्णाङ्कमा ३३ अंक दिएर नेपाललाई विश्वको भ्रष्टाचार हुने मुलुकको १ सय १७ औं स्थानमा राखिएको छ। अघिल्लो वर्ष पनि नेपाल सोही स्थानमा रहेको थियो। यस वर्षको सूचकांकमा समावेश १ सय ८० देशमध्ये डेनमार्क, फिनल्यान्ड र न्युजिल्यान्डले कुल १०० मा ८८ अङ्क प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकको अग्रस्थान ओगटेका छन्। भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भीडीईएम) ले राजनीतिक भ्रष्टाचारअन्तर्गत संसद्, कार्यपालिका र न्यायपालिका सम्बन्धित भ्रष्टाचारको व्यापकता जस्ता विषयमा सर्वेक्षण गरेको छ। नेपालमा पनि यी क्षेत्रमा उत्तिकै भ्रष्टाचार बढेको पाइन्छ। खास गरी नेपालको प्रशासनिक क्षेत्र भ्रष्टाचारमा चुर्लुम्म डुबेको पाइन्छ। मिनी सिंहदरबार हुँदै व्यवस्थापिका र कार्यपालिकामा त भ्रष्टाचारको जालो फैलिएको थियो नै हुँदा हुँदा न्यायपालिका अर्थात् अदालतमा पनि भ्रष्टाचारका ठुला ठुला काण्ड हुन थालेका छन्। जसले गर्दा मुलुक खोक्रो हुँदै गएको छ। कसरी फैलिँदै छ भ्रष्टाचारको डढेलो ? सर्वोच्च अदालतको कार्यालय भवनको ठेक्कामा मिलेमतो गरी निलम्बित प्रधानन्यायाधीश चोलन्द्र शमशेर जबरामाथि अहिले एक अर्ब भ्रष्टाचार गरेको अभियोगको उजुरी अख्तियार दुरुपयोग अनसुन्धान अयोगमा परेको छ ।यसै कारण उनीविरुद्ध महाअभियोग प्रस्ताव संसदमा दर्ता भएर अहिले छलफल चलिरहेको छ। दुईहप्ताअघि दिनअघि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव प्रमोद नेपाल ६ लाख घुससहित रंगेहात पक्राउ परे। आवश्यक अनुसन्धान र छानबिन गर्दा उनको गाडीमा थप साढे १६ लाख रुपैयाँ भेटियो । वि.सं. २०७७ चैत १ गते नापी कार्यालय भैरहवाका नापी अधिकृत सरोज श्रेष्ठसमेत ६ जनालाई १७ लाख घुससहित अख्तियारले नियन्त्रणमा लिएको थियो। यस्तै वि.सं. २०७६ चैत्र २८ गते मालपोत कार्यालय धनुषाका निमित्त प्रमुख सुनिलकुमार झा सेवाग्राहीसँग पाँच लाख घुस लिएको आरोपमा अख्तियारको फन्दामा परे । गत बर्ष फागुन २९ मा चरिकोट डिभिजन वन कार्यालय दोलखाकी प्रमुख उपसचिव सन्तमाया श्रेष्ठ २ लाख घुससहित भक्तपुर गट्ठाघरबाट पक्राउ परेकी थिइन्। अंशबण्डा एवं बाटो कायम गरी जग्गाधनी प्रमाणपूर्जा बनाइदिए बापत सेवाग्राहीसँग ५० हजार रुपैयाँ घुस माग गरेको उजुरीका आधारमा पुस ९, २०७८ मा अख्तियारले चितवनस्थित मालपोत कार्यालय चनौलीका प्रमुख र अमिनलाई पक्राउ गरेको थियो । यी त सरकारी कार्यालय र कर्मचारीले गरेको घुसकाण्डका सामान्य प्रतिनिधि घटना मात्र हुन् । खोज्दै जाने हो भने सरकारी कर्मचारीबाट हुने यस्तो घुसको लामै श्रृङखला भेटिन्छ। लोभी र भ्रष्ट आचरण, तलब र सेवा सुविधाको कमी, अपारदर्शी व्यवहार, मानवीय स्वभाव या नीति, कानुनको फितलोपन र कार्यान्वयनको अभाव, छिटो काम सक्नुपर्ने सेवाग्राहीको हतारो, जानीजानी फाइल अड्काइदिने कर्मचारीको कामचोर प्रवृत्ति घटेको छैन। स्थानीय सरकार आइसकेपछि त झन् हरेक पालिकामा भ्रष्टाचार बढेको छ। कर्मचारीले सिफारिस लेखिदिए बापत घरजग्गाको नापी नक्सा जाँचपास गरेबापत, साइन गरेबापत पनि घुस लिने प्रवृत्तिले जरा गाडेको छ । जसका कारण मुलुक प्रतिदिन खोक्रो हुँदै गएको छ। मुलकका प्रधानमन्त्री, मन्त्री, सांसद तथा नेताको मिलेमतोमा सरकारका सचिव, उपसचिव, सहसचिव, अधिकृत, सुब्बा, खरिदारहरु करोडौंका घुसकाण्डमा आरोपित रहँदै आएका छन् । यति मात्र होइन, मालपोत कार्यालय, यातायात कार्यालय तथा विभाग, नापी विभाग, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत तथा सरकारी वकिलको कार्यालय, प्रहरी कार्यालयमा काम गरिदिने बाहानामा दिनदहाडै पैसाको मोलमोलाइ हुने गर्दछ। आज मुलक नबन्नुको पछाडिको बाधक पनि यस्तै खाले भ्रष्टाचार नै हो। राजनीतिकर्मी र सरकारी कर्मचारी मात्र होइन अरु विशिष्ट क्षेत्रका व्यक्तिहरु जस्तै प्राध्यापक, शिक्षक, लेखक, बुद्धिजीवी, प्रहरी, जनता सबैमा बेथिति र भ्रष्टाचारको जालो नराम्ररी झाँगिदै गएको छ। यसले नेपालको आर्थिक विकासको बाटोलाई छेकेको छ। आखिर सरकारी कर्मचारी किन यसरी भ्रष्टाचारमा लिप्त भइरहेका छन् ? नियन्त्रणको सट्टा किन यसरी मौलाउँदै गइरहेको छ भ्रष्टाचार ? यसको जवाफ आजसम्म अनुत्तरित नै छ। लोभी र भ्रष्ट आचरण, तलब र सेवा सुविधाको कमी, अपारदर्शी व्यवहार, मानवीय स्वभाव या नीति, कानुनको फितलोपन र कार्यान्वयनको अभाव, छिटो काम सक्नुपर्ने सेवाग्राहीको हतारो, जानीजानी फाइल अड्काइदिने कर्मचारीको कामचोर प्रवृत्ति घटेको छेन। यस्तै यस्तै कारणले नेपालमा भ्रष्टाचार मौलाएको बुझ्न सकिन्छ। भ्रष्ट आचरण, 'भ्रष्ट' र 'आचार' दुई शब्दको सन्धिबाट 'भ्रष्टाचार' शब्द बनेको छ। जुन शब्दले 'आचार नभएको' वा 'खस्किएको कारोवार' लाई जनाउँछ । यस अर्थमा पैसा कुम्ल्याउनु मात्र भ्रष्टाचार होइन। भ्रष्ट आचार अर्थात् गलत बानी या नियत पनि भ्रष्टाचार हो। नेपालमा भ्रष्टाचार हुने प्रमुख कारण नै भ्रष्ट आचार हो। सरकारी कर्मचारी होस् या अरु कोही। नेपालमा यी सबै तप्कामा इमन्दारिता र असल आचरणको अभाव देखिन्छ। पैसाका लागि घुस लिने मात्रै होइन, मान्छे मार्नसम्म पनि नेपालीहरु उद्धत छन्। उच्च महत्वकांक्षा राखेर सात पुस्तासम्म पुग्नेगरी पैसा कमाउनुपर्छ भन्ने गलत धारणा सरकारी कर्मचारी र हाकिममा देखिन्छ। हाम्रो कर्मचारीमा नैतिकताको खडेरी देखिन्छ। त्यसैले पदको गरिमा कायम नगरी उनीहरु भ्रष्टाचारमा लिप्त छन्। सेवा सुविधाको कमी , आगामी आर्थिक बर्षको बजेट सार्वजनिक हुँदा सरकारी कर्मचारीको तलब स्केल पनि १५ प्रतिशतले बढेको छ । त्यसरी बढ्दा अहिले मुख्य सचिवको ७७ हजार २११, सचिवको ७२ हजार ८२, सहसचिवको ५६ हजार ७८७, उपसचिवको ४८ हजार ७३७, शाखा अधिकृतको ४३ हजार ६८९ र नायब सुब्बाको ३४ हजार ७३० र खरिदारको ३२ हजार ९०२ तलब स्केल छ । जुन समयसापेक्ष छैन । सोझो र नियमित हिसाब गर्ने हो भने नेपालका मुख्य सचिव, सचिव, सहसचिव, उपसचिव, अधिकृत, सुब्बा र खरिदारले कमाएको जीवनभरको तलबले यो महंगी, खर्चिलो पढाइलेखाइ र स्वास्थ्य उपचार थेग्न सक्ने देखिँदैन । त्यसकारण पनि स्वभावैले सरकारी कर्मचारीहरु भ्रष्टाचार गर्न बाध्य रहेका जानकारहरु बताउँछन् । नियामक निकायको निकम्मापन र कानुन कार्यान्वयनको अभाव , आफूले पाएको अख्तियारको दुरुपयोग गरी अकुत सम्पत्ति आय आर्जन गर्नेमाथि उजुरीको आधारमा कारबाही गर्ने नियामक निकायको रुपमा मुलुकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग छ । अर्कातर्फ कसले कति सम्पत्ति आर्जन गर्‍यो ? अकूत सम्पत्ति कमाउने स्रोत के हो भनेर छानबिन गर्ने निकायका रुपमा सम्पत्ति शुद्धीकरण विभाग छ । तर पनि यी दुवै निकायले आग्रह पूर्वाग्रह नराखी पारदर्शी ढंगले काम गर्न नसक्दा भ्रष्टाचार गर्ने प्रवृत्ति मौलाइरहेको देखिन्छ । अर्बौं रुपैयाँ भ्रष्टाचार गरेको उजुरी पर्दासमेत अख्तियारले त्यसउपर छानबिन गर्ने हिम्मत गर्दैन । स-साना उजुरीका चाङ त आयोगमा बर्षौंदेखि थन्किएर बसेका छन् । आयोगले पक्राउ गरे पनि स-साना माछाहरुलाई मात्र समात्छ । यसले पनि मोटो रकममा बार्गेनिङ गर्ने, सेटिङमा काम गर्ने कर्मचारीको मनोबलमा बल दिएको बुझ्न सकिन्छ । अर्कोतर्फ कानुन कार्यान्वयनको पाटो पनि फितलो छ । कानुन सुन्दर छ तर त्यसको कार्यान्वयनमा सम्बन्धित निकाय असफल छ । बदमास र भ्रष्टाचार गर्नेमाथि कारबाही गर्ने, मुद्दा चलाउने निकाय आफैमा भ्रष्टाचारमा लिप्त छ । मुद्धा मामिला भए पनि उन्मुक्ति दिने संयन्त्रले यस्तो प्रवृत्तिलाई मलजल दिइरहेको विभिन्न घटनाक्रमले पुष्टि गर्दछ । करोड र लाखका भ्रष्टाचार सरकारी कर्मचारीको लागि सामान्य हो । यदि सो भ्रष्टाचारको पुष्टि भए पनि उनीहरुको जागिर जाँदैन । कारबाही भए सरुवा या घटुवा हो । उनीहरुविरुद्ध हत्तपत्त मुद्दा लाग्ने संयन्त्र यो मुलुकमा छैन । त्यसकारण निडर भएर सरकारी कर्मचारी विना कुनै जोखिम भ्रष्टाचारमा सामेल भइरहेका छन् । अर्बौंका भ्रष्टाचार काण्ड छ्याप्छ्याप्ती सतहमा आउँदासमेत नियामक निकाय रमिते देखिँदा यस खाले प्रवृत्तिले दिनहुँ प्रश्रय पाइरहेका छन् । अधिकृत, सचिव, सहसचिवहरुले कति कमाए होलान् ? त्यसलाई कल्पना मात्र गरौं । यहाँ त खरिदार र सुब्बाले पनि पदको दुरुपयोग गरी अकुत सम्पत्ति कमाएका छन् । जिल्ला प्रशासन कार्यालय धनुषामा कार्यरत नायब सुब्बा गणपति झाले जागीर अवधिमा चार करोड ८७ लाख ३८ हजार २१० रुपैयाँ कमाएको खुलासा भयो । चार वर्ष सरकारी सेवामा बसेर सवा ६ करोड रुपैयाँ सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको आरोपमा अख्तियारले केही समय अघि गुल्मीका भीमकान्त भण्डारीविरुद्ध मुद्दा दायर गरेको थियो । एक जना सुब्बाले काठमाण्डौं ८८ ठाउँमा जग्गा लिएका, श्रीमती, छोराछोरीको नाममा बिभिन्न बैङ्कमा बैङ्क ब्यालेन्स जम्मा गरिरहेका समाचार पनि आएको थियो । यस्ता अरु घटना पनि छन् । एक जना सामान्य कर्मचारीले यसरी मुलुक कंगाल बनाउँदासमेत सम्पत्ति शुद्धिकरण गर्ने विभागले मिडियामार्फत थाहा पाउनुपर्दछ । यस्ता काण्ड बाहिरिँदा पनि उनीहरु अझै जागिरमा डेरा जमाएर बसेका छन् । त्यसैले पनि भ्रष्टाचारको जालो दिनप्रतिदिन फिँजिरहेको छ । पुरानै प्रणाली , विश्वले सूचना र प्रविधिमा फड्को मारे पनि अझै पनि नेपालमा हुने सेवा प्रवाह पूर्ण रुपमा विद्यूतीय हुन नसक्नु पनि भ्रष्टाचार हुने एक कारण हो । सरकारी या निजी हरेक सेवा प्रवाहको क्षेत्रमा यस्तो खालको प्रविधि भएन भने आर्थिक शुशासन कायम हुन सक्दैन । हरेक सार्वजनिक स्थानमा अझै पनि सीसीटीभी क्यामेराको जडान, अनलाइन प्रणाली गर्न राज्य असफल प्राय छ । यसले पनि भ्रष्टाचार गर्ने प्रवृत्तिलाई ढाडस दिइरहेको बुझ्न सकिन्छ । एकातिर कानुन, नियमावली, कार्ययोजना निर्माण गर्दा नीतिगत भ्रष्टाचार गर्ने गरी बनाइएको छ भने अर्कोतर्फ काम गर्ने कर्मचारीले आर्थिक अपचलन एवम् सामाजिक तथा नैतिक मूल्यमान्यताविरुद्ध हुने कार्य गरेका छन् । फलस्वरूप देशमा आर्थिक विकासका कार्यहरु प्रभावकारी एवम् पारदर्शी तवरले सम्पादन हुन सकिरहेका छैनन् । देश बन्नका लागि राष्ट्र र राष्ट्रिय राजनीति सक्षम हुनुपर्नेमा उनै यस्ता काण्ड र विवादमा फसिरहेका छन् । तसर्थ दीर्घ रोगका रुपमा रहेको भ्रष्टाचारको समुल नष्ट गर्नको लागि सबैभन्दा पहिले राष्ट्रसेवक कर्मचारीले आफूलाई जनताप्रति उत्तरदायी र इमान्दार रुपमा प्रस्तुत गर्नुपर्ने देखिन्छ । राम्रो र उत्कृष्ट कार्यसम्पादन गर्नेलाई पुरस्कारको व्यवस्था र भ्रष्टाचार गर्नेलाई कडा कारबाही र आवश्यक परे जागीरबाट विदा गर्नेतर्फ राज्यले कडा कदम चाल्नुपर्छ । हत्या, हिंसा जस्तै भ्रष्टाचार अर्थात् घुस लिने र दिनै दुवैलाइ राज्यविरुद्ध जघन्य अपराध गरेको कसुरको रुपमा लिएर कानुन बनाएर कारबाहीको दायरामा ल्याउनुपर्ने देखिन्छ । राज्य चलाउने प्रधानमन्त्री, मन्त्री सांसद नेता पनि भ्रष्टाचारमा लिप्त हुनुहुँदैन । समयसापेक्ष कर्मचारीको तलव, सेवा, सुविधा बढाएर राज्यले उनीहरुलाई प्रोत्साहन दिनुपर्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शद्धीकरणजस्ता संवैधानिक अंग यस्ता प्रवृत्तिविरुद्ध चनाखो हुनुपर्छ । हाम्रा हरेक काम विद्यूतीय प्रणालीमा हुनुपर्दछ । आम नागरिकले लाइन कुर्ने तर घुस दिने बानी बन्द गर्नुपर्ने देखिन्छ । बढी घुस लेनदेन हुने ठाउँमा सम्बन्धित निकायले विशेष निगरानी गर्न सके सदिऔंदेखि फैलिएको घुसको जालो तोड्न सकिन्छ ।

पत्रिका मागेर
होईन
किनेर पढ्ने
बानी बसालौं

## अन्तराष्ट्रिय समाचार

# संयुक्त राष्ट्र संघीय निकायमा भारतले गर्यो श्रीलंकाको आलोचना, चीन बचाउमा



छिमेकी मुलुक भारत रश्रीलंकाबीच सम्बन्ध पहिलेदेखि सामान्य रहेको भए पनि पछिल्ला केही वर्षयता यहाँ बढेको चिनियाँ लगानीका कारण दुई मुलुकबीचको सम्बन्धमा चिसोपन बढ्दै गएको थियो ।गत महिना चिनियाँ युद्धपोत 'युआन वाङ ५' श्रीलंका पुगेपछि भारत र श्रीलंकाबीचको सम्बन्धमा थप चिसोपन आएको छ ।श्रीलंकाको हम्बनटोटा बन्दरगाहमा युद्धपोत आउने कुरामा पहिले नै भारत सरकारले सार्वजनिक रुपमा चिन्ता र असन्तुष्टि व्यक्त गरेको थियो । यसका बावजुद श्रीलंका सरकारले यो युद्धपोतलाई हम्बनटोटामा आउने अनुमति दियो। यसले भारत श्रीलंकाप्रति रुष्ट भएजस्तो छ यसको एक दृष्टान्त सोमबार देखियो जब, भारतले श्रीलंकाका तमिल समुदायको मानव अधिकारको विषय उठाएर संयुक्त राष्ट्रसंघको मानवअधिकार निकाय(यूएनएचसीआर)मा श्रीलंकाको आलोचना गर्यो। श्रीलंकाले आफ्नो प्रतिरक्षामा मानव अधिकारको संरक्षण र विकासमा आफूले निरन्तर काम गरिरहेको बतायो चीनले पनि यस विषयमा श्रीलंकाको प्रतिरक्षा गरेको छ । उसले भारतको नाम नलिई मानव अधिकारको नाममा श्रीलंकाको आन्तरिक मामिलामा हस्तक्षेपको आफूले विरोध गर्ने प्रतिक्रिया दिएको छ । भारतले श्रीलंकामा बसोबास गर्ने तमिल समुदायको स्थितिबारे चिन्ता व्यक्त गर्दै उनीहरुविरुद्धको जातीय विभेदलाई सम्बोधन गर्न श्रीलंकाले विगतमा गरेको वाचा पालना नगरेको आरोप लगायो। संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्च आयोगको जेनेभास्थित मुख्यालयको लागि भारतका स्थायी प्रतिनिधि इन्द्रमणि पाण्डेयले श्रीलंकाली तलिम समुदायको कुरा उठाएका थिए । उनले तलिम समस्या सम्बोधन गर्न श्रीलंकाको संविधानको १३ औं संशोधनमार्फत प्रदेश परिषद्लाई अधिकार दिने वाचा गरे अनुरुप जतिसक्दो चाँडो प्रादेशिक परिषद्को निर्वाचन गराउनु पर्ने बताए । श्रीलंकाले भने जवाफमा अहिले देशको मुख्य प्राथमिकता अर्थतन्त्रलाई सही मार्गमा ल्याउनु भएको बतायो । साथै उसले श्रीलंकाली जनताको मानवअधिकार पनि आफ्नो प्राथमिकतामा रहेको बतायो । चीनको प्रतिक्रिया भारतले अन्तराष्ट्रिय फोरममा श्रीलंकालाई प्रश्नको घेरामा पारेपछि चीन श्रीलंकाको प्रतिरक्षामा अघि आएको छ। संयुक्त राष्ट्र संघका लागि चीनका स्थायी प्रतिनिधि चेन सुले ट्विट गर्दै लेखेका छन् ,' मैले श्रीलंकाको सार्वभौमसत्ता र स्वतन्त्रताको रक्षाको पक्षमा बलियो समर्थन व्यक्त गरेको छु । म सबै पक्षहरुलाई उनीहरूले अधिकारको सम्मान गर्न आग्रह गर्दछु । श्रीलंकाले स्वतन्त्रतापूर्वक विकासको बाटो रोज्नेछ। भारत-श्रीलंका सम्बन्धलाई पछ्याउने विश्लेषकहरूले श्रीलंकाप्रति भारतको बदलिएके बोलीलाई चासोका साथ हेरिरहेका छन् । किनकि श्रीलंकाली तलिम समुदायको मानव अधिकारबारे उल्लेख गरिएको बयानमा भारतले 'श्रीलंकाको वर्तमान संकटले ऋणमा आधारित अर्थतन्त्रको सीमालाई उजागर गरेको छ र यसको प्रभाव जीवनस्तरमै परेको' भनेको छ । विश्लेषकहरूले यहाँ भारतले नाम नलिए पनि उसको संकेत चीनतर्फ रहेको औंल्याइरहेका छन् ।भारत सरकारले लामो समयदेखि श्रीलंकामा बसोबास गर्ने तमिल समुदायको समस्याको राजनीतिक समाधानका लागि श्रीलंका सरकारलाई दबाब दिइरहेको छ । बीचमा उसले यो विषय उठाएको थिएन । तर चिनियाँ युद्धपोत 'युवान वाङ ५' लाई देशको हम्बनटोटा बन्दरगाहमा रोक्ने अनुमती दिएपछि श्रीलंकाप्रति भारतको अडानमा बदलाव आएको शंका गर्न थालिएको छ ।


**डेंगीबाट बच्ने उपायहरू:**
१.पूरै शरिर ढाक्ने लुगा लगाउने ।
२.घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
३.बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने.
४.पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
५.आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने ।

**प्रसौनी गाउँपालिका,बारा**



**डेंगीबाट बच्ने उपायहरू:**
१.पूरै शरिर ढाक्ने लुगा लगाउने ।
२.घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
३.बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने.
४.पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
५.आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने ।

**महागढीमाई नगरपालिका, बारा**


## निजी...

लिएर प्रश्न उठ्ने गरेको छ। शुल्क चर्को भयो भनेर अभिभावकहरु संघर्ष समिति नै बनाएर बेला बेलामा आन्दोलनमा उत्रने गरेका छन्', उनले भने 'यी समस्या समाधान गर्न लागि परेका छौं । विद्यालयको अध्ययन अवलोकन गर्न टिम बनाएका छौं । तोकिएका सूचकको आधारमा मुल्यांकन हुन्छ ।

पहिला वर्गीकरण गर्छौं, अनि शुल्क निर्धारण हुन्छ ।' भदौ १९ गतेदेखि नै महानगरले गठन गरेको ४ वटा समूहले विद्यालयहरुको अध्ययन अवलोकन र स्थलगत निरीक्षण गरिरहेको छ । ६० वटा जति सूचक तयार गरिएका छन् । जसमा विद्यार्थी संख्या, शिक्षकको योग्यता, विद्यालयको भौतिक संरचनाको अवस्था, अतिरिक्त क्रियाकलाप, खेल मैदान भए नभएको, शौचालय पर्याप्त छ कि छैन रु शुद्ध खानेपानीको उपलब्धता लगायत विद्यालयमा आवश्यक पर्ने विषय सूचकमा समेटिएका छन्। स्थलगत अध्ययन, अवलोकनका लागि गएको समूहले वस्तुस्थिति बुझेर, हेरेर सूचकमा नम्बर दिनेछन् । स्वमूल्यांकन फारम र स्थलगत अध्ययन, अवलोकनबाट आएको तथ्यांकको आधारमा अन्तिम रिपोर्ट तयार गरेर समूहले सिफारिस समितिलाई बुझाउने शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले जानकारी दिए । तोकिएका सबै सूचकहरुको मूल्यांकन गर्दा ८० प्रतिशत भन्दा बढी अंक ल्याउने 'ए', ८० भन्दा तल ६० प्रतिशतसम्म अंक ल्याउने 'बी', ६० देखि ४० प्रतिशत अंक ल्याउने 'सी' र ४० प्रतिशत भन्दा कम अंक ल्याउने विद्यालय 'डी' वर्गमा पर्नेछ। शुल्क भने 'सी' ग्रेडका विद्यालयको मात्रै निर्धारण हुने शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले बताए । ''सी' ग्रेडका विद्यालयको शुल्क निर्धारण गर्छौं, बी मा परेकाले २५ प्रतिशत र ए मा परेकाले ५० प्रतिशत थपेर शुल्क लिन सक्नेगरी व्यवस्था मिलाउँछौं', उनले भने 'अधिकतम सीमा महानगरले निर्धारण गर्ने हो, विद्यालयले कम शुल्क लिएर पनि विद्यार्थी पढाउन सक्छन् ।' प्याब्सन पर्साका वरिष्ठ उपाध्यक्ष सरोज चौधरीले वर्गीकरणपछि विद्यालयको स्तर र शुल्क निर्धारण हुने बताए । 'वीरगञ्जलाई शिक्षाको हब बनाउने भनिन्छ, त्यसका लागि स्तरीय शैक्षिक संस्थाहरु स्थापना हुन आवश्यक छ' उनले भने, 'तर लगानी गर्न मानिसहरु डराइरहेका छन् । वर्गीकरणपछि विद्यालयले प्रदान गरेको सेवा सुविधा अनुरुप शुल्क लिन पाउने वातावरण बन्छ ।

शुल्कका सन्दर्भमा देखिने विवादको अन्त्य गर्छ।' यसरी वर्गीकरण तथा शुल्क निर्धारण गर्दा नयाँ शैक्षिक सत्र सुरु हुनु भन्दा तीन महिना अघिदेखि गर्दा लागु गर्न सहज हुने उनको बुझाइ छ । अभिभावक संघर्ष समितिका अध्यक्ष सन्दीप साहले वर्गीकरण र शुल्क निर्धारण कत्तिको निष्पक्ष हुन्छ भनेर हेर्नुपर्ने बताए। 'वर्गीकरण तथा शुल्क निर्धारण समितिमा अभिभावक संघर्ष समितिलाई राखिएको छैन । बरु विवादित गौतम माविको शिक्षकलाई राखियो', उनले भने, 'उनीहरुले आफ्नो काम गरिरहेका छन्, कस्तो नतिजा आउँछ, त्यसपछि आगामी कदमबारे निर्णय गर्छौं ।' वीरगञ्जका १०२ वटा संस्थागत विद्यालयमा ३८ हजार ३ सय ७३ जना विद्यार्थी अध्ययनरत छन् ।

## वीरगंजमा...

निलम्बन भएका मुकेशकुमार बर्माको युजर९खाता० एमके बर्मा प्रयोग गरी यातायातको सर्भरमा रिजल्ट अपडेट गरिएको हो । बर्माको खाताबाट वीरगन्जमा फेल भएकालाई पास गरिएको सचिव दासले बताए । जनकपुर यातायात व्यवस्था कार्यालयमा ०६६ फागुन १७ गते कम्प्युटर अपरेटरमा नियुक्त भएका बर्मा ०७४ माघ १० गतेदेखि ०७५ चैत २६ गतेसम्म सवारी चालकको पदमा कार्यरत थिए । कार्यालयमा अनैतिक काम गरेको आरोप लागेपछि बर्मालाई ०७५ चैत २६ गते सेवा करारबाट हटाइएको यातायात व्यवस्था कार्यालय जनकपुरका प्रमुख वीरेन्द्र साहले बताए । 'कार्यालयबाट निलम्बन भएका बर्माको युजर पनि बन्द गरिएको थियो,' प्रमुख साहले भने, 'करार सेवाबाट हटाइएपछि उनको युजरसमेत डिएक्टिभेट गरिएको थियो । बन्द खाताबाट यातायातको सर्भरमा अवैध लाइसेन्सको इन्ट्री हुनु दुर्भाग्य हो । गुनासो आएपछि खोजी गर्दा तथ्य फेला परेको हो। थप अनुसन्धानका लागि मन्त्रालय र विभागलाई जानकारी गराएको छु।'वीरगन्जको लाइसेन्स रिजल्ट जनकपुरबाट अपडेट गरिएको घटना यातायात कार्यालय मधेस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय हुँदै यतायात व्यवस्था विभागसम्म पुगेको ३ महिना भन्दा बढी भएपनि गोप्य राखिएको छ । यसअघि पनि जनकपुरमा १ हजार ७ सय ७० भन्दा बढी लाइसेन्स अवैध रुपमा वितरण गरिएको थियो । लाइसेन्स रद्द गरिएपनि अनुसन्धान हुन सकेको छैन । 'जी' समूह हेभी सवारीको चालक अनुमतिपत्रका लागि यतायात व्यवस्था कार्यालय जनकपुर र वीरगन्जमा सेवाग्राहीबाट १ लाख रुपैयाँसम्म दलालले असुल्ने गरेको पाइएको छ । दलालले संकलन गरेको रकमको ९० प्रतिशत कार्यालयका कर्मचारीलाई दिएपछि दुबै कार्यालयबाट 'जी' समूह हेभी सवारीको चालक अनुमतिपत्र बन्ने गरेको छ ।

## निजी...

हुने भएकाले यसको प्रयोग गर्न सुझाव दिए । विद्युतीय चुल्होको प्रयोग गर्दा एलपिजी ग्याँसको भन्दा कम खर्च लाग्ने , स्वास्थ्यमा समेत हानी नपुग्ने , इन्धन आयातमा विदेशीने मुद्रा पनि कम गर्न सकिने उनले बताए ।

उनले अहिले नेपालमा विद्युतको उत्पादन पनि बढ्दै गइरहेकाले विद्युतीय चुल्होको प्रयोग बढाउदा उर्जाको संकट नहुने उनले बताए । जिल्ला समन्वय समिति पर्साका उपाध्यक्ष पुरन कुर्मीको अध्यक्षता एंव राष्ट्रिय योजना आयोगका सदस्य डाक्टर सुरेन्द्र लाल कर्णको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वीरगन्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल ,नेपाल रेडक्रस सोसाइटी मधेस प्रदेशका अध्यक्ष फुलमहम्मद मिया, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारी , वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरिक्षक डिल्लीराज सापकोटा, विभिन्न गैर सरकारी संघसंस्थाका प्रतिनिधि , गृहिणी महिला लगायतको सहभागीता थियो ।

## बच्चा...

गरेको छ । सामाजिक सञ्जालमा आएका सूचना भ्रामक भएको भन्दै प्रहरीले विश्वास नगर्न र त्यस्ता कुनै अपराधसँग सम्बन्धित सूचना भए प्रहरी कार्यालयमा खबर गर्न सूचित गरेको छ । सामाजिक सञ्जालमा बच्चा छोरी हुने सूचना भाइरल भएपछि पर्सा र बाराका पनि नागरिक आतंकित भएका छन् । विद्यालय र सरोकारवालाले समेत सतर्क रहन सूचना जारी गरेका छन् ।

## पटेर्वासुगौलीमा...

समय संचालन गर्न नसके रकम फ्रीज भएर जाने भएकोले दिवा खाजा कार्यक्रम संचालन गरीएको तथा दिवा खाजा संचालन भएपछि सामुदायिक विद्यालयमा बालबालिको संख्यामा वृद्धि हुने शिक्षाबाट कोही पनि बञ्चित नहुने उद्देश्यले दिवा खाजा कार्यक्रम संचालन गरीएको प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवले बताए ।

पटेर्वा सुगौली गाउँ पालिका अन्तर्गत २४ वटा सामुदायिक विधालय रहेका छन् ।


**डेंगीबाट बच्ने उपायहरू:**
१.पूरै शरिर ढाक्ने लुगा लगाउने ।
२.घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
३.बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने.
४.पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
५.आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने ।

**बिश्रामपुर गाउँपालिका,बारा**


# भायानेटले ल्यायो आकर्षक दशौ अफर




आउँदै गरेको दशैंमा आफ्नो ग्राहकलाई थप सुविधा दिने उद्देश्यलेभायानेटले आकर्षक अफर ल्याएको छ।यो अफर अन्तर्गत अबभायानेटको अल्ट्रा-फाई इन्टरनेट जोड्ने ग्राहकहरूले नोकिया बिकन १.१ मेस राउटर वा एमआई ४.ए डुअल ब्यान्ड राउटरआफ्नो इन्टर नेट सदस्यतामै प्राप्त गर्न सक्नेछन्। यो दशैं भायानेटको अल्ट्रा-फाई २०० एमबीपीएसइन्टरनेटकोवार्षिकप्लानमात्र रु. ९९९ प्रति महिनामा पाउन सकिन्छ। योप्याकेजमा आउने डुअल ब्यान्ड ओ.एन.यु सँगै बग्राहकहरूले नोकियाको बीकन १.१ मेस र ाउटर वाएमआई ४.ए डुअल ब्यान्ड राउटर मध्य एक छानेर राख्न पाउनेछन्। यो अतिरिक्त र ाउटर लिनका लागि ग्राहकलेडिपोजिट शुल्क मात्र जम्मा गरे पुग्छ। ग्राहकले मेस राउटर लिनकालागि रु. ४००० र एमआई ४.एराउटरको लागि रु. १५०० डिपोजिट गर्नु पर्नेछ। कम्पनीले आफ्ना ग्राहकहरूलाई सस्तोमाघर भरि वाइफाइको कभरेज बढाउन मद्दत गर्ने उद्देश्यले यो अफर ल्याएको हो। साथै भायानेटलेवार्षिक सदस्यतामा मात्र रु. १५० प्रति महिनामा भायाटिभी पनि उपलब्ध गराएको छ। यसरी भायाटिभी लिंदा ग्राहकले पहिलो सेट-टप-बक्समात्र रु. ५००डिपोजिट गरीप्राप्त गर्न क्नेछन्। भायानेटको अल्ट्रा-फाई

(बाँकी तेश्रो पेजमा)

# बालदिवसको अवसरमा सम्पन्न वक्तृत्वकला प्रतियोगितामा श्रेया राय प्रथम



*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

'विद्यार्थी जीवनमा सामाजिक सञ्जाजल' विषयक वक्तृत्वकला प्रतियोगितामा श्रेया राय प्रथम भएकी छिन् । हण्ड्रेड ग्रुप पर्साले राष्ट्रिय बाल दिवसका अवसरमा आयोजना गरेको अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगितामा त्रिजुद्ध महाविर प्रसाद रघुबिर राम माद्यामिक विद्यालयमा कक्षा १० मा अध्ययनरत छात्रा श्रेया राय प्रथम भएकी हुन् । हण्ड्रेड ग्रुप पर्साका संयोजक बिक्की सर्राफको अध्यक्षतामा भएको प्रतियोगितामा सुर्जी देवी माविमा कक्षा ९ मा अध्ययनरत छात्र सन्देश वास्तु द्वितिय हुँदा त्रिजुद्ध माविकै दिपक कुमार यादव तृतिय भएका छन् भने सुर्जी देवी माविकी सन्ध्या साह शान्तवना भएकी छिन् । प्रथम, द्वितिय, तृतिय र शान्तवना भएकाहरुले क्रमशः ५ हजार नगर, मेडल र प्रमाण पत्र, ३ हजार नगर मेडल र प्रमाण पत्र, १ हजार नगद मेडल र प्रमाण पत्र र मेडल र प्रमाण पत्र प्रदान गरिएको थियो । बालदिवसको उपलक्ष्यमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको क्षमता अभिवृद्धि र व्यक्तित्व विकासमा सघाउ पुग्ने अभिप्रायले वक्तृत्वकला प्रतियोगिताको आयोजना गरिएको हण्ड्रेड ग्रुप पर्साका संयोजक बिक्की सर्राफले बताए । वीरगञ्जका ५ वटा सामुदायिक विद्यालयबाट १० जनाले सहभागिता जनाएको प्रतियोगितामा महिला नेतृ एवम् पोखरिया नगरपालिकाकी निवर्तमान उपमेयर सलमा खातुन, सिद्धार्थ इन्टरनेशनल कलेजकी प्रमुख एवम् महिला अधिकारकर्मी डा। सुष्मा तिवारी, साउथ जोन माविका प्रधानाध्यापक सरोज चौधरी र सञ्चारकर्मी सूर्यनारायण वि।का।ले निर्णायकको भूमिका निर्वाह गरेका थिए । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल, मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा। दीपक शाक्य, युवा अभियानता दिलिपराज कार्की, मानव सेवा आश्रम मधेश प्रदेशका प्रमुख देवेश गुप्तालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । सोही अवसरमा संस्थामा जोडिएका नव सदस्यहरुलाई खादा लगाउनुका साथै ब्याच वितरण गरेर संस्थामा स्वागत समेत गरिएको थियो । कार्यक्रमको सहजीकरण हण्ड्रेड ग्रुप पर्साका सहसंयोजक राहुल पटेलले गरेका थिए ।

# क्रियाशिल युवा पत्रकार मञ्चद्वारा आयोजित शिविरमा २२५ जनाको आखा परीक्षण



*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

क्रियाशिल युवा पत्रकार मञ्च नेपालको आयोजनामा निःशूल्क आँखा शिविर सम्पन्न भएको छ । 'पारदर्शीता, निष्ठा र निर्भिकता-हाम्रो साझा प्रतिबद्धता' भन्ने ध्येयका साथ स्थापित क्रियाशील युवा पत्रकार मञ्च नेपालद्वारा आयोजित शिविरमा १६ महिला सहित २ सय २५ जनाले आँखा परीक्षण गराएका छन् । श्री श्रीजंग गण पर्साको सहकार्यमा सम्पन्न शिविरमा वीरगंज सामुदायिक आँखा अस्पतालका अप्टोमेटिट्स प्रभात चौरसिया नेतृत्वको नेत्र चिकित्सकको टोलीले परीक्षण गरेको थियो । श्री श्रीजंग गणका प्रमुख डायमण्ड कार्कीले आफ्नो आँखा परिक्षण गराई कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो । मञ्चका अध्यक्ष प्रणय कुमार साहको अध्यक्षतामा सम्पन्न शिविरमा परीक्षण गराएका २ सय २५ जनामध्ये कसैमा पनि मोतियाबिन्दु फेला नपरेको मञ्चका उपाध्यक्ष आनन्द पटेलले जानकारी दिनु भयो । आँखा शिविरमा उषा कुमाल, अरूणा रायमाझी, लक्ष्मी बरै, निरा पौडेल, कृष्ण तिवारी, प्रमेन्द्र कुमार पासवान, कल्याण प्रसाद घिमिरे, सिताराम थापा लगायतले आँखा परीक्षण गराएका थिए । आँखा परीक्षणसँगै औषधीसमेत वितरण गरिएको मञ्चका महासचिव बिरेन्द्र साहले जानकारी दिनु भयो । शिविरमा मंचका कोषाध्यक्ष उपेन्द्र बरै, सदस्यहरु ओमप्रकाश बर्णवाल, निलम चौधरी, कन्हैयालाल वर्णवाल लगायतको उपस्थिती रहेको थियो ।

# पटेर्वासुगौली गाउँपालिकामा भलुआहि सिचाई योजना अन्तर्गत निर्माण हुने बाँधको निरिक्षण



*राजन कुमार बानिया*
*वीरगंज, १८ भदौ ।*

पर्साको पटेर्वासुगौली गाउँपालिकामा भलुआई सिंचाई योजना अन्तर्गत १६ करोडको लागतमा निर्माण हुन् गरीरहेको बाँधको आज सोमबार निरिक्षण गरिएको छ । जिल्ला सिंचाई योजनाका प्रमुख सुरेन्द्र जैसवालको नेतृत्वमा गएको प्रतिनिधि मण्डलको टोलीले निरिक्षण गरेको हो । निरिक्षणाका क्रममा जनता समाजबादी पार्टी पर्सा क्षेत्र नम्बर ३ का क्षेत्रीय अध्यक्ष नागेन्द्र यादव , जसपाका युवा नेता शिव कुमार साह , पटेर्वा सुगौली गाउँपालिकाका पूर्व मेयर हरिनारायण रौनियार लगायत स्थानीय जनताको सहभगिता रहेको थियो ।

# असोज १ गतेदेखि पेट्रोल(डिजेलको ढुवानी ठप्प पार्ने व्यवसायीको चेतावनी



*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

दशैं नजिकिँदै गर्दा व्यवसायीहरुले पेट्रोलियम पदार्थको ढुवानी ठप्प पार्ने चेतावनी दिएका छन् । असोज १ गतेबाट देशभरका सबै डिपोहरुमा लोड तथा अनलोड नगर्ने चेतावनी पेट्रोलियम पदार्थ ढुवानी व्यवसायीले दिएका छन् । व्यवसायीले राखेको माग पुरा नभएकोले पूर्व निर्धारित आन्दोलनका कार्यक्रम यथावत राखिएको नेपाल पेट्रालियम ढुवानी व्यवसायी महासंघका अध्यक्ष खगेश्वर बोहोराले जानकारी दिए । महासंघको भदौ २२ गतेको निर्णय अनुसार भदौ २४ गतेदेखि सम्पूर्ण ढुवानी व्यवसायीले भारतबाट पेट्रोलियम पदार्थ ल्याउने पीडीओ लिन छोडेका छन् । देशभरका कुनैपनि क्षेत्रबाट पीडीओ नलिने कार्यक्रमलाई यथावत राख्दै भदौ २९ गतेदेखि अमलेखगञ्ज डिपोबाट अन्यत्र डिपोमा जाने पेट्रोलियम पदार्थ लोडिङ गर्ने र असोज १ गतेबाट राज्यभरका सबै डिपोमा लोड तथा अनलोड नगर्ने महासंघ अध्यक्ष बोहोरा बताउँछन् ।

नेपाल पेट्रोलियम पदार्थ ढुवानी व्यवसायी महासंघले ढुवानी भाडा समायोजनलगायत माग राख्दै आएको छ । मन्त्रालयसँगको वार्ता निष्कर्षविहीन , समस्या समाधानका लागि मंगलबार वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको वार्ता उपलब्धि मुलक नभएको बोहोराले जानकारी दिए । 'खर्च बढे अनुसार भाडा समायोजन गर्नुपर्योक भनेर माग राख्यौं, मन्त्री ज्यूले सचिव सरुवा भएका छन्, नयाँ सचिव आएपछि छलफल गरौंला, केही दिन आन्दोलन स्थगित गर्नुस् भनेर प्रस्ताव गर्नुभयो,' उनले भने, 'तीन दिनसम्म आन्तरिक ढुवानी जारी रहन्छ भनेर निराश हुँदै फर्केका छौं ।' यसअघि पनि तीन पटक समय माग गरिसकेकोले आन्दोलन जारी राख्न बाध्य भएको उनले बताए । ०७३ सालदेखि पेट्रोलियम पदार्थको ढुवानी भाडा नबढाएकोले वैज्ञानिक ढंगले भाडा समायोजन गर्नुपर्ने माग ढुवानी व्यवसायीको छ । यसबीचमा सार्वजनिक यातायातको भाडा ६६ प्रतिशत र ट्रकको भाडा ६० प्रतिशत बढी सकेको दावी पेट्रोलियम ढुवानी व्यवसायीको छ । महसंघका वरिष्ठ उपाध्यक्ष मनोज दासले आयल निगमले ढुवानी भाडा समेत नदिएर अप्ठेरोमा पारेको गुनासो गरे । 'रक्सौलबाट पेट्रोलियम पदार्थ ल्याउन बन्द गरेर बरौनीबाट ल्याउनुपर्ने गराए, एक महिना भो भाडा दिइरहेका छैनन्,' उनले भने, '४० जना जति ढुवानी व्यवसायीको ३ करोड ६० लाख रुपैयाँ जति बक्यौता छ । मेरो मात्रै १ करोड जति छ ।

बैंकले पैसा मागेर हैरान पारेको छ ।' रक्सौल डिपोबाट पेट्रोलियम पदार्थ ओसार्ने झण्डै २ सय ट्याङकर मध्ये ९० वटा जतिले बरौनीबाट पेट्रोलियम पदार्थ ढुवानी गरिसकेको उनको भनाइ छ । पेट्रोलियम ढुवानी व्यवसायीको आन्दोलनमा पेट्रोलियम डिलर्स एशोसियसनले पनि साथ दिने तयारी गरेको छ । एसोसियसनका प्रथम उपाध्यक्ष विनोद चौरसियाले ढुवानी व्यवसायीको मर्कालाई ध्यानमा राखेर पेट्रोलियम पदार्थको माग र आपूर्ति नै नगर्ने तयारी भइरहेको बताए ।

# वीरगन्जमा चिडियाखाना निर्माणका लागि सरकारले दियो अनुमति

*संजाल सम्वादाता*
*वीरगंज, २९ भदौ ।*

वीरगन्ज महानगरपालिका वडा नम्बर ३२ मा सदर चिडियाखाना निर्माण हुने भएको छ । वन तथा वातावरणमन्त्री प्रदीप यादवले वीरगन्जमा सदर चिडियाखाना निर्माणका लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गरेकोमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त चिडियाखाना निर्माणका लागि अनुमति दिएको हो । उक्त चिडियाखाना एक अर्ब एक करोड सात लाख रुपैयाको लागतमा निर्माण गरिने वन मन्त्रालयले जनाएको छ । चिडियाखाना निर्माणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक अजय कार्कीको संयोजकत्वमा आठ सदस्यीय कार्यदल समिति गठन भईसकेकोछ । उक्त कार्यदल समितिले आफ्नो प्रतिवेदन समेत मन्त्रालयमा पेश गरिसकेको छ । वीरगन्ज महानगरपालिकाको ग्रामिण भेगमा पर्ने सोलखपुर रामवनमा प्राकृतिक चिडियाखाना स्थापना गरिए यहाँ आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने भन्दै चिडियाखाना निर्माणका लागि उपयुक्त स्थान भएको कार्यदलको प्रतिवेदनमा उल्लेख छ । प्रस्तावित चिडियाखानाको क्षेत्रभित्र पर्ने ३।१ हेक्टर अतिक्रमण हटाई त्यस क्षेत्रसँग जोडिएका सबै साझेदारी वन क्षेत्रको सिमानामा तारबार गरेर मात्र स्थापना गर्नुपर्ने, प्रस्तावित चिडियाखाना स्थापना गर्दा प्राकृतिक चिडियाखानाका साथै वन्यजन्तु उद्धार केन्द्र वन्यजन्तु प्रजनन केन्द्र निर्माण गरिने, वन्यजन्तुका लागि आवश्यक पूर्वाधार तथा उचित रोकथाम, पर्यटक व्यवस्थापनमा ध्यान दिनुपर्ने एवं जैविक विविधता शिक्षा प्रवर्द्धन तथा वन्यजन्तुको कल्याणसमेतलाई मध्यनजर गरी अन्तर्राष्ट्रिय मापदण्डअनुसार चिडियाखाना स्थापना र सञ्चालनका लागि मानवीय, प्राविधिक तथा आर्थिक स्रोतको सुनिश्चित हुने गरी प्रस्तावित चिडियाखाना स्थापना र सञ्चालन गर्नुपर्ने उक्त अध्ययन प्रतिवेदनको राय रहेको छ । प्रस्तावित चिडियाखाना स्थापनाको लागि वीरगञ्ज महानगरपालिकाको वडा नंबर ३२ को रामवन क्षेत्रमा पर्ने सवैया साझेदारी वन उपभोक्ता समूहले समेत आफ्नो साझेदारी वन क्षेत्रमा प्रस्तावित चिडियाखाना स्थापनाका लागि सहमति दिएको छ । सवैया साझेदारी वनको पूर्व सिमानामा पर्ने प्रस्तावित चिडियाखानाको क्षेत्रफल ५० हेक्टर रहेको जसमा घास बुट्यान क्षेत्रले ३९।४ हेटटर, सघन क्षेत्रले ७५ र अतिक्रमण क्षेत्रले ३।१ हेक्टर ओगटेको छ । चिडियाखानाका लागि प्रस्तावित वन क्षेत्रमा चित्तल, खरायो, दुम्सी, वन बिरालो, पुट्के बँदेल, सुँगा, मैना, गरुड र सारस पनि पाइने र उक्त क्षेत्रमा घस्रने जनावरमा कोब्रा, अण्डा खाने सर्प र मुसा खाने सर्प पनि रहने गरेकाले यहाँ चिडियाखाना बनाउन उपयुक्त रहेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक अजय कार्कीले बताए। वीरगन्जमा चिडियाखाना निर्माण गर्ने आफ्नो वर्षौं पहिलेदेखिको सपना रहेको र अहिले आएर उक्त सपना साकार भएको मन्त्री यादवले सनमाजिक सन्जाल मार्फत प्रतिकृया दिएका छन् । उनले भनेका छन्, 'पर्यटन प्रवर्द्धन तथा आर्थिक समृद्धिका लागि अगाडि बढिरहेको छु,गृहनगर वीरग्जमा निर्माण हुने चिडियाखानाले पर्यटन प्रवर्द्धन सहित यहाका नागरिकको आर्थिकस्तरमा वृद्धि गर्ने मैले अपेक्षा लिएको छु ।'

**भा....**लाइनअप बजारमा उपलब्ध रहेकोसबैभन्दा आकर्षक इन्टरनेट र टिभी प्याकेज मध्ये पर्दछन्।उच्च गतिको इन्टरनेट आवश्यकता भएका प्रयोगकर्ताहरूका लागिअल्ट्रा-फाई लाइन अप विशेष मानिएको छ। अहिले चलिरहेको अल्ट्रा-फाई लाइन अपको मुख्य विशेषता भनेको यसले ग्राहकलाई इन्टरनेट मात्रैवा इन्टरनेटसँगै टिभीकाविभिन्नप्याकेजबाट छान्न पाउने सुविधा दिएको छ।

**डेंगीबाट बच्ने उपायहरू:**
१.पूरै शरिर ढाक्ने लुगा लगाउने ।
२.घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
३.बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने.
४.पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
५.आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने ।

**फेटा गाउँपालिका,बारा**

**डेंगीबाट बच्ने उपायहरू:**
१.पूरै शरिर ढाक्ने लुगा लगाउने ।
२.घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
३.बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने.
४.पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
५.आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने ।

**परवानीपुर गाउँपालिका,बारा**